# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि,

२०८० | ०२ | १६

भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प्रमाणित

२०८०।२।१६

प्रमुख प्रशासकीय अधिकृत

# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८० साल...०२...महिना १६ गते

प्रमाणिकरण मिति: २०८०साल...०२...महिना १६...गते

**प्रस्तावना**

पालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत र जोखिममा रहेका वालवालिकाको शिक्षा, सुरक्षा र संरक्षणका अधिकारहरूलाई प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमी ल्याउन र वालवालिकाले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्न, सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिन र दुहवी गाउँपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरूको सवाल संलग्न गर्न गराउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा वालिका तथा समावेशी शिक्षा सञ्जाललाई संस्थागत गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनका लागि यो कार्यविधि जारी गरिएको छ।

परिच्छेद १

**प्रारम्भिक**

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो कार्यविधिको नाम "वालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "पालिका अध्यक्ष" भन्नाले भोक्राहा नरसिंह गाउँपालिका 'गाउँ पालिकाको प्रमुख सम्झनु पर्दछ।

(ख) "अपाङ्गता भएका व्यक्तिहरू" भन्नाले अपाङ्गता भएमा व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनु पर्छ।

(ग) "पालिका उपाध्यक्ष" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको उपप्रमुख सम्झनु पर्छ।

भोक्राहा नरसिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चिरौली, सुनसरी कोशी प्रदेश नेपाल

२०८०/२/१६

प्रमुख प्रशासकिय अधिकृत

(घ) "कार्यपालिका" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ)

(ज) "बालिका" भन्नाले विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूहका बालिकाहरूलाई सम्झनु पर्छ ।

(झ) "बालिका तथा समावेशी शिक्षा सञ्जाल" भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनुपर्दछ ।

(ञ) "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिमका बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरूलाई सम्झनु पर्छ ।

(ट) "सञ्जाल" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ठ) "समावेशी शिक्षा" भन्नाले शिक्षा ऐन २०२८ (नवौ संशोधन) को दफा ६ (क) बमोजिमको शिक्षालाई सम्झनु पर्छ ।

(ड) "सीमान्तकृत तथा जोखिममा रहेका समुदाय" भन्नाले सामाजिक, आर्थिक तथा सांस्कृतिकरुमा पिछडिएका समुदाय भन्ने सम्झनु पर्छ ।

(ढ) "संरक्षक" भन्नाले दफा ४ बमोजिमको सञ्जालको संरक्षक सम्झनु पर्छ ।

## परिच्छेद २

## बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालन

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका भित्र रहेका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने तथा बालिका शिक्षा र समावेशी शिक्षाको प्रवर्द्धन गर्ने ।

(ख) बालिकाहरूले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्वोधन गर्ने र सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिने ।

(ग) विद्यालय क्षेत्रभित्र, विद्यालय आउँदा जाँदा र समुदायमा बालबालिकामाथि हुने वा हुन सक्ने भेदभाव, शारीरिक, भावनात्मक तथा यौनदुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरिक वा मानसिक

२०८०/५/१६

प्रमुख प्रशासकिय अधिकृत

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धिरौल, सुनसरी
कोशी प्रदेश, नेपाल

दण्डसजाय, हेपाई लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रिया अनुरूप न्यूनीकरण गर्ने ।

(घ) पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि लागू गर्ने र सञ्जालको तथा लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र भूमिका स्पष्ट गर्ने ।

(ङ) सञ्जालका सदस्यहरू तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाई संयन्त्रलाई सुदृढ गर्ने ।

४. गाउँपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालन: (१) भोक्राहा नरसिंह गाउँपालिकामा देहाय वमोजिमको पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछः

(क) प्रमुख - संरक्षक

(ख) उपप्रमुख -संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास अधिकृत - सदस्य

(ङ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) गाउँपालिका स्तरीय बालक्लव सञ्जालको अध्यक्ष/उपाध्यक्ष (दुई जना) - सदस्य

(ज) पालिका शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सामुदायिक विद्यालयको एक जना प्र.अ. - सदस्य

(झ) गाउँपालिकाभित्र बसोवास गर्ने दलित वा मुस्लिम वा अपाङ्गता भएको महिला अभिभावक मध्येबाट सञ्जालको वैठकले तोकेको प्रतिनिधि एक जना - सदस्य

(ञ) गाउँपालिका क्षेत्रभित्र कार्यरत समावेशी, समान अधिकार तथा लैङ्गिकताको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाबाट सञ्जालको बैठकले मनोनयन गरेको एक जना - सदस्य

(ट) गाउँपालिका क्षेत्रभित्र रहेको विशेष आवश्यकता भएका बालबालिका मध्येबाट एक बालक एक बालिका - सदस्य

(ठ) संजालको वैठकले मनोनयन गरेको महिला सञ्चारकर्मी एक जना - सदस्य

(ड) गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरू मध्येबाट संजालको बैठकले मनोनयन एक जना - सदस्य

भोक्राहा नरसिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल

२०८०/२/१९

प्रमुख प्रशासकिय अधिकृत

(ण) गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरू मध्येबाट संजालको वैठकले मनोनयन गरेको प्रधानाध्यापक एक जना - सदस्य

(त) गाउँपालिका क्षेत्रभित्र रहेको विशेष आवश्यकता भएका बालवालिका अध्यापन गराउने विद्यालयको प्र.अ. - सदस्य

(थ) गाउँपालिका भित्र भएको सामुदायिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष मध्ये वाट संजालको वैठकले मनोनयन गरेका एक जना - सदस्य

(द) नेपाल प्रहरीको स्थानीय इकाइ प्रमुख वा निजले तोकेको एकजना महिला प्रतिनिधि - सदस्य

(ध) गाउँपालिका भित्र भएको सामुदायिक विद्यालयका लैङ्गिक सम्पर्क शिक्षकहरु मध्येबाट सञ्जालको बैठकले मनोनयन गरेका एक जना - सदस्य

(न) गाउँपालिकाको शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख -सदस्य सचिव

(२) सञ्जालको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ। तर समितिको बैठकमा गणपूरक संख्या नपुगी लगातार दुई पटक वैठक स्थगित भएमा तेस्रो पटक बैठक सञ्चालन गर्न कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएको हुनुपर्ने छ।

(३) सञ्जालले नियमित कार्यसंचालन गर्ने प्रयोजनकालागि सात सदस्य रहने गरी सचिवालय गठन गर्न सक्नेछ।

(४) सञ्जालको वैठक वर्षमा कम्तिमा पनि ४ पटक बस्ने छ तर आवश्यकता अनुसार सो भन्दा धेरै पटक पनि बस्न सक्नेछ।

(५) आवश्यकता अनुसार सञ्जालको वैठकमा विषयगत विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ (६) सञ्जालको वैठक सम्बन्धी अन्य कार्यविधि सञ्जालले तोके बमोजिम हुनेछ।

(७) सञ्जालका सदस्यले सञ्जालको बैठकले तोके बमोजिम सेवा सुविधा प्राप्त गर्नेछन्।

५. **गाउँपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र अधिकार:** गाउँपालिका स्तरीय वालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) विद्यालयमा गुनासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधि तोकी गुनासो सुनुवाई कार्यविधि २०७४ (पहिलो संशोधन २०७७) अनुसार पालिका भित्रका विद्यालयहरूमा गुनासो सुनुवाई समिति गठन गर्न र त्यसलाई क्रियाशील बनाउन पहल गर्ने।

(ख) विद्यालयले गुनासो सुनुवाई कार्यविधि अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गुनासो संकलन, प्राप्त गुनासोहरूको वर्गीकरण र प्राथमिकीकरण गरी त्यसलाई

प्रमुख प्रशासकीय अधिकृत

सम्वोधन गरेको वा गाउँको अनुगमन गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने आवश्यक निर्देशन दिने ।

(ग) विद्यालयस्तरमा सम्वोधन हुन नसकेको गुनासोहरूलाई समाधानको लागि सम्वन्धित निकायमा प्रतिवेदन गर्न पहल गर्ने ।

(घ) विद्यालयस्तरमा परेका तथा सम्बोधन गरिएका गुनासोहरूको अद्यावधिक विवरण लिइ राम्रो कार्य गर्ने विद्यालय तथा विद्यालय स्तरीय लैङ्गिक सम्पर्क व्यक्तिलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने ।

(ङ) वार्षिक तथा अद्यावधिक योजनामा लैङ्गिक, अपाङ्गता लगायतका सामाजिक समावेशीकरणका समसामयिक विषय समावेश गर्न पहल गर्ने । साथै विद्यालय एवं पालिकामा गुनासो सुनुवाई संयन्त्र सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने ।

(च) विद्यालयमा लैङ्गिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य वहिष्करणमा परेको बालबालिकाको पहिचान गरी न्यूनीकरणको लागि पहल गर्ने ।

(छ) समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिहरूको न्यूनीकरणको लागि पहल गर्ने ।

(ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने ।

(झ) विद्यालयहरूमा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धि गरेका कार्यहरू नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

(ञ) विद्यालयहरूमा बालबालिका आत्म संरक्षणको लागि तालिमको व्यवस्था गर्ने ।

(ट) प्रभावित बालबालिकाको हिंसा, शोषण र दुर्व्यवहार जस्ता उजुरीहरूलाई गोपनीयता कायम गर्दै सम्बन्धित निकायमा रिर्पोट गर्ने र प्रभावितलाई आवश्यक सहयोगको लागि पहल गर्ने ।

(ठ) वालवालिकालाई सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्ने र गराउने ।

(ड) गाउँपालिकामा सञ्चालित विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका बालिकाहरूको तथ्यांक संकलनमा विभिन्न संघ संस्थाहरूसँग समन्यात्मक बैठक सञ्चालन गरि, वालिकाहरूलाई औपचारिक शिक्षामा भर्ना गर्न तथा जीवन उपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने ।

(ढ) गाउँपालिकामा सञ्चालित विभिन्न बालिका कार्यक्रमहरूमा बालिकाहरूको संलग्नतामा पहल गर्ने तथा उपलब्ध भएको श्रोत साधनहरूमा बालिकाहरूको पहुँचलाई सुनिश्चितता गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

(ण) गाउँपालिकामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका अभिभावकहरूको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने तथा गराउने ।

(त) गाउँपालिका स्तरबाट वार्षिक योजना तर्जुमा मार्फत बालबालिकाको लागि योजना बनाई बजेट विनियोजन गर्ने ।

(थ) वातावरणीय एवं दैविक प्रकोप निवारण तथा प्रतिकार्यका लागि पैरवी गर्ने ।

(द) बालबालिकालाई सामाजिक सुरक्षा योजनामा पहुँचको लागि समन्वय तथा सहयोग गर्ने ।

(ध) गाउँपालिका भित्रका विद्यालयहरूमा सामाजिक, आर्थिक तथा सांस्कृतिकरुपमा पिछडिएका बालबालिकाको शिक्षाको प्रगतिलाई बेला बेलामा अनुगमन तथा मूल्यांकनगरि सुधारको लागि योजनाहरू विद्यालय स्तरमा छलफल गर्ने तथा कार्य योजना बनाउने ।

६. **लैङ्गिक सम्पर्क व्यक्ति तोक्नु पर्ने:** (१) बालिका तथा समावेशी शिक्षा संजालले बाल कल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा प्रमुखलाइ लैङ्गिक सम्पर्क व्यक्ति तोक्न कार्यालयलाई सहजिकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लैङ्गिक सम्पर्क व्यक्तिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको नियमित बैठक गराउने र बैठकबाट आएको मुद्दालाई सम्बोधनको लागि कार्यपालिकामा पेश गरी समाधानको लागि प्रहल गर्ने । सञ्जाललाई निरन्तर परिचालनको लागि स्रोत व्यवस्थापन तथा योजना निमार्णमा सहयोग गर्ने ।

(ख) गाउँपालिका स्तरमा विद्यालय शिक्षाको पाठयक्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयवस्तुलाई समावेश गर्न सहयोग गर्ने ।

(ग) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने र सञ्जाललाई सक्रिय रुपमा परिचालन गर्ने ।

(घ) विद्यालयमा भएको लैङ्गिक सम्पर्क व्यक्ति र विद्यालय व्यवस्थापन समीतिसँग समन्वय गरी लैङ्गिक संवेदनशिलता, लैङ्गिक समानता सम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयमा अनिवार्य रुपमा सुझाव पेटिका राख्ने व्यवस्था गर्ने ।

(ङ) लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्जाल मार्फत सञ्चालन गर्ने ।

२०७७/२/१६

प्रमुख प्रशासकिय अधिकृत

(च) न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकासमा सहयोग गर्ने ।

७. परामर्श लिन सक्ने: सञ्जालले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

परिच्छेद ३

## स्रोत व्यवस्थापन तथा लेखापरीक्षण

८. स्रोतको व्यवस्थापन: गाउँपालिका तथा वडाले बालिका तथा समावेशी शिक्षा सम्वन्धी कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयको लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

९. कोष सम्बन्धी व्यवस्था: (१) गाउँपालिकाले यस कार्यविधि बमोजिमको सञ्जालको कार्य गर्न एक कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमा नै रहनेछ ।

(३) कोषमा सशर्त सहायताका रुपमा प्राप्त रकमलाई उपयोग गर्न नसकेको कारण फिर्ता गर्नु पर्ने भएमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(४) कोषलाई आवर्ती कोष (रिबल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

१०. कोषमा जम्मा हुने रकम: (१) दफा ९ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) गाउँपालिकाबाट प्राप्त रकम ।

(ग) कुनै व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) सञ्जालको पहलबाट प्राप्त रकम ।

(ङ) कुनै विदेशी दाता, संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि सञ्जालले गाउँपालिकाको सिफारिसमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्विकृति लिनपुर्नेछ ।

(३) यस कार्यविधि बमोजिम सञ्जाललाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(४) सञ्जालको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

११. <u>कोषको खाता सञ्चालन तथा व्यवस्थापन:</u> (१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ ।

(२) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन सञ्जालले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ ।

(५) कोषको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(४) सञ्जालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्वन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फर्छ्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्वन्धी कानून वमोजिम हुनेछ ।

(५) सञ्जाललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली वमोजिम हुनेछ ।

१२. <u>खर्च रकम सोधभर्ना गर्नुपर्ने:</u> सञ्जालले यस कार्यविधि बमोजिम कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्नाका लागि गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

१३. <u>लेखा तथा लेखापरीक्षण:</u> (१) कोषको आर्थिक कारोबारको लेखा प्रचलित लेखा प्रणाली अनुसार हुनेछ ।

(२) उपदफा (१) अनुसारको कोषबाट गरिएको खर्चको लेखाको प्रचलित कानून बमोजिमका प्रतिवेदन कार्यालयले सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) अनुदान खर्चको लेखापरीक्षण गर्ने, गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(४) कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ ।

(५) सञ्जालको कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ५

## विविध

प्रमुख प्रशासकीय अधिकृत

**१४. सञ्जालको सदस्यहरूको लागि अवसर प्रदान गर्न सकिने:** (१) सञ्जालका पदाधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास र नेतृत्वसीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरूबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रम क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ ।

(२) मूल्यांकनबाट उत्कृष्ट ठहरिएका सदस्यहरूलाई प्रेरणाको श्रोत व्यक्तिको रुपमा चयन गर्न सकिनेछ ।

**१५. वडा स्तरीय र विद्यालय स्तरीय संजाल गठन र परिचालन गर्न सकिने:** पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजालको अधिनमा रहि पालिकाले वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा र विद्यालय स्तरमा प्रधानाध्यापकको संरक्षकत्वमा लैङ्गिक सम्पर्क शिक्षकको संयोजकत्वमा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा संजाल गठन र परिचालन गर्न सक्ने छ ।

**१६. प्रतिवेदन पेश गर्ने:** सञ्जालले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ ।

**१७. खर्च सार्वजनिक गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम गरिएको खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अलावा गाउँपालिकाले निर्देशन दिएको अवस्थामा सञ्जालले सार्वजनिक सुनवाइ, सार्वजनिक परीक्षण जस्ता सार्वजनिक उत्तरदायित्वका औजारहरूको प्रयोग गरी योजना वा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

**१८. अभिलेख राख्ने:** सञ्जालको सचिवालयको रुपमा गाउँपालिकाको शिक्षा तथा खेलकुद विकास शाखा रहनेछ । यस कार्यविधि बमोजिमका गतिविधिहरूको अभिलेख सोही शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

**१९. अनुगमन सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम भएका कामहरूको नियमिति तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि संरक्षक वा संयोजक वा निजहरूले तोकेको समिति वा समितिको सदस्य वा कर्मचारी रहेको टोली खटाई भएको कार्यको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोली वा पदाधिकारीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको विवरणसहितको प्रतिवेदन संयोजक वा संरक्षक मार्फत सञ्जाल समक्ष पेश गर्नु पर्नेछ ।

**२०. पुरस्कार, सम्मान तथा असूली:** (१) बालिका तथा समावेशी शिक्षा सम्बन्धमा उत्कृष्ट कार्य गर्ने व्यक्ति, संघ, संस्था वा निकायलाई सञ्जालले पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम कुनै अनुदान उपलब्ध गराइएको हकमा त्यस्तो उपलब्ध गराइएको अनुदान वा सहायता रकमको सही सदुपयोग नगर्ने र तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदान वा सहायताग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असूल गर्ने तथा अन्य

प्रमुख प्रशासकिय अधिकृत

अनुदानबाट कट्टा गरिनेछ। साथै यसरी असूल तथा कट्टा गर्दा समेत असूली नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. **निर्देशन दिन सक्ने:** गाउँ/गाउँ कार्यपालिकाले सञ्जालको काम कारवाहीको सम्बन्धमा सञ्जाललाई आवश्यक निर्देशन दिन सक्नेछ।

२२. **खारेजी र बचाउ:** (१) यो कार्यविधि कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधि अन्तर्गत भएको व्यवस्था सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा रहेको प्रावधानहरू प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएको हकमा स्वत: निस्क्रिय हुनेछन्।